शंखरापुर नगरपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः९ संख्याः ३ प्रकाशित मितिः२०८३/०३/५

भाग - २

स्वीकृत मितिः २०८३/०२/२९

प्रसुति बिदा अवधिमा शिक्षण सहजकर्ता व्यवस्थापन कार्यविधि, २०८३

<u>प्रस्तावना</u>

शंखरापुर नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा अध्यापन कार्यमा संलग्न स्थायी /अस्थायी एवम् राहत करार महिला शिक्षकले सेवा अवधिमा प्राप्त गर्ने प्रसुती विदा लिएको अवस्थामा हुने शिक्षण सिकाई सहजीकरण एवम् सिकाई रिक्ततालाई तत्काल सम्बोधन गरी उक्त समयावधिमा सिकाई निरन्तरता सहित बालबालिकाहरुको सिक्ने अवसर सुनिश्चित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवम् यस नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४(१) ले दिएको अधिकार प्रयोग गरी शंखरापुर नगरपालिकाले यो कार्यविधि तयार गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

क. यो निर्देशिकाको नाम प्रसुती विदा अवधिमा शिक्षण सहजकर्ता व्यवस्थापन कार्यविधि, २०८३ रहेको छ ।

ख. यो निर्देशिका शंखरापुर नगरपालिका कार्यपालिकाबाट स्वीकृत भएपश्चात् राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा

क. **"ऐन"** भन्नाले शंखरापुर नगरपालिका शिक्षा ऐन, २०७९ तथा सङ्घीय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐन समेतलाई सम्झनुपर्छ ।

ख. **"नियमावली"** भन्नाले प्रचलित सङ्घीय शिक्षा नियमावली तथा प्रादेशिक शिक्षा नियमावलीलाई समेत सम्झनुपर्छ ।

ग. **"शिक्षा शाखा"** भन्नाले शंखरापुर नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

घ. **"प्रसुति बिदा"** भन्नाले सम्बन्धित सार्वजनिक विद्यालयमा कार्यरत स्थायी र अस्थायी/राहत करार महिला शिक्षकले प्रसुति अवधिमा लिएको वा स्वीकृत भएको बिदा अवधि सम्झनु पर्छ ।

ङ. **"शिक्षण सहजकर्ता"** भन्नाले सम्बन्धित सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षकले लिएको प्रसुति बिदा अवधिको लागि करार जनशक्ति सम्झनु पर्छ ।

च. **"निर्वाह खर्च"** भन्नाले प्रसुति अवधिमा शिक्षण सिकाई सहजीकरण एवम् सिकाई कार्यका लागि शिक्षण सहजकर्ताले प्राप्त गर्ने सुविधा सम्झनु पर्छ ।

छ. **"अनुदान सहयोग"** भन्नाले सम्बन्धित सामुदायिक विद्यालयहरुले प्रसुति बिदा अवधिका लागि शिक्षण सहजकर्तालाई भुक्तानीको लागि शंखरापुर नगरपालिकाबाट सम्बन्धित विद्यालयलाई प्रदान गरिने अनुदान रकम वा सोधभर्ना वापतका लागि उपलब्ध रकम सम्झनु पर्छ ।

ज. **"शिक्षण सहजकर्ता छनोट समिति"** भन्नाले दफा ४ (क५) बमोजिमको समितिलाई सम्झनु पर्छ ।

झ. **"विषय विज्ञ"** भन्नाले लक्षित विद्यालयमा प्रसुति बिदाका लागि शिक्षण सहजर्कता छनोट समितिमा विज्ञ वा विषय विज्ञको रुपमा खटिनु भएको जनशक्ति सम्झनु पर्छ ।

ञ. **"कार्यविधि"** भन्नाले ***प्रसुति बिदा अवधिमा शिक्षण सहजकर्ता व्यवस्थापन कार्यविधि, २०८३*** सम्झनुपर्छ ।

३. अनुदानका लागि विद्यालय छनौटका आधारहरुः

क. सामुदायिक विद्यालयमा कार्यरत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट तलब भत्ता खाने सबै प्रकृतिका महिला शिक्षक प्रसुति भएमा सिकाई क्षति न्युनीकरण गर्न सक्छ शिक्षकको रुपमा ३ महिनाको लागि त्यस्ता विद्यालयहरुलाई छनौट गरिनेछ ।

४. **न्यूनतम शर्त एवम मापदण्डः** (क) यो निर्देशिका वमोजिमको प्रसुती अवधिमा शिक्षण सिकाई सहजीकरणका लागि आवेदन दिने शिक्षण सहजकर्ताका लागि देहाय वमोजिमको शर्त एवम् मापदण्ड पुरा भएको हुनु पर्नेछ :-

(क१) प्रसुती अवधि भरमा लागि अधिकतम ३ (तीन) महिनाको लागि शिक्षण सहजकर्ताको व्यवस्था गर्न सकिनेछ ।

(क२) यो सुविधा पुरुष शिक्षकको हकमा लागू हुने छैन । अर्थात प्रसुती हेरचाह सुविधा प्राप्त गर्ने शिक्षकको हकमा लागू हुने छैन ।

(क३) प्रसुती विदामा बस्ने शिक्षिकाको सट्टा प्रदान गरिने शिक्षण सहजकर्ताको सुविधा शिक्षिकाको सेवा अवधिभरमा २ पटक मात्र प्राप्त हुनेछ ।

(क४) जनशक्ति व्यवस्थाका लागि विषयगत र तहगत शैक्षिक योग्यता हासिल गरेका स्थानीय बासीलाई प्राथमिकता दिईनेछ ।

(क५) प्रसुती अवधिको लागि कक्षा व्यवस्थापन एवम् जनशक्ति व्यवस्थापनको जिम्मेवारी सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको हुनेछ । छनोट परीक्षाका लागि सम्बन्धित विषय वा क्षेत्रका १ (एक) जना विज्ञ (आन्तरिक/ वाह्य) सहितको एक छनोट समिति गठन गर्नु पर्नेछ ।

(क६) शिक्षण सहजकर्ताको छनोटका लागि अनुसुचि १ अनुसार प्रयोगात्मक र अन्तर्वाता परीक्षा हुनेछ ।

(क७) अध्यापन अनुमति पत्र प्राप्त र स्थानीय जनशक्तिलाई प्राथमिकता दिईनेछ ।

(क८) माथि (क१) वमोजिमको शिक्षण सहजकर्ताको व्यवस्था गर्ने क्रममा (क४) अनुरुपको जनशक्ति व्यवस्था हुन नसकेमा विद्यालय मै कार्यरत विषय मिल्दो शिक्षकवाट विहान वेलुका अतिरिक्त समयमा (२-३ घन्टी) अध्यापन गराउन सकिनेछ ।सो समयमा अध्यापन गराएवापत तोकिए वमोजिमको सुविधा उपलव्ध हुनेछ ।

५. मासिक निर्वाह खर्च एवम् अन्य सुविधाः

(क) शिक्षण सहजकर्ताका लागि मासिक निर्वाह खर्च बापत बाल विकास सहजकर्ता १०००० /-(दश हजार मात्र), प्राथमिक तह रु. १५,००० /-(पन्ध्र हजार मात्र), निम्न माध्यमिक तह २०,००० /-(वीस हजार मात्र) माध्यमिक तह २५००० /-(पच्चीस हजार मात्र) का दरले ३ (तीन) महिनाको लागि एकमुष्ट रकम उपलब्ध गराइनेछ ।

(ख) अतिरिक्त समयमा (२-३ घन्टी) अध्यापन गराए वापत प्रति कार्य दिन ३५०/- (तीन सय पचास) का दरले खाना खर्च वापत रकम उपलव्ध गराइनेछ ।

(ग) *शिक्षण सहजकर्ताको लागि निर्वाह खर्च निकासा:* सम्बन्धित विद्यालयले प्रसुती विदा अवधिका लागि करार जनशक्तिका लागि निर्वाह खर्च माग गर्दा वा भुक्तानी व्यवस्थाका लागि निम्नानुसारका कागजातहरु संलग्न राखि नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(ग१) प्रसुती विदामा रहेको जानकारीका लागि प्रसुती विदा प्राप्तीको एकीन गर्ने कागजातहरु

(ग२) प्रसुती विदाका सम्बन्धमा विव्यस वैठकको निर्णय प्रतिलिपि

(ग३) शिक्षण सहजकर्तासंग गरेको सम्झौता प्रतिलिपि

(ग४) शिक्षण सहजकर्ताको रुजु हाजिरी प्रतिलिपि

(ग५) अतिरिक्त समयमा अध्यापन गराउदा समय उल्लेख गरेको नियमित हाजिरी प्रतिलिपि

६. खारेजी र बचाउ

क. यस अघि नगरपालिकाबाट यस कार्यविधिको प्रयोजनका लागि शिक्षण सहजकर्ता नियुक्ति भएकोमा सो नियुक्ति यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

ख. यस अघि जारी भएको प्रसुती विदा अवधिमा शिक्षण सहजकर्ता व्यवस्थापन निर्देशिका, २०७९ खारेज गरिएको छ ।

अनुसुची १

शिक्षण सहजकर्ता छनोट प्रक्रिया र आधारहरु

छनौटका आधारहरु	अधिकतम अंक	अंक विभाजन विधि				
प्रयोगात्मक परीक्षा	२५	पाठयोजनाको तयारी-५ अंक	शिक्षण विधि एवम् शिक्षण सिकाई सहजीकरण-५	सिकाई एवं शैक्षिक सामाग्रीको प्रयोग-५ अंक	विद्यार्थी मूल्याकन-५ अंक	साराशं एवं पृष्ठपोषण-५ अंक
अन्तवार्ता	२५	व्यक्तित्व-५ अंक	विषयवस्तुको ज्ञान-१० अंक	प्रस्तुतीकरण-५ अंक	सामान्य ज्ञान-५ अंक	
स्थानीयता	१०	सम्बन्धित वडा-१० अंक	सम्बन्धित पालिका-७ अंक		सम्बन्धित प्रदेश-५ अंक	
न्यूनतम शैक्षिक योग्यता	१०	प्रथम श्रेणी वा सो भन्दा माथि भए १० अंक		द्वितीय श्रेणी ७ अंक	तृतीय श्रेणी ४ अंक	

माथिल्लो शैक्षिक योग्यता	५	प्रथम श्रेणी वा सो भन्दा माथि भए ५ अंक		द्धितीय श्रेणी ३ अंक	तृतीय श्रेणी १ अंक	
अध्यापन अनुमति पत्र	१०					
शिक्षण अनुभव वापत	१५	प्रति वर्ष ३ अंकका दरले				
जम्मा	१००					

आज्ञाले,
चुरामणि पन्थी
शंखरापुर नगरपालिकाको
प्रमुख प्रशासकीय अधिकृत